त्रिशूली...

हो ।

भदौ १० को बाढीको कारण रसुवा, नुवाकोट र धादिङमा ३३ वटाभन्दा बढी मोटरेबल पुल बगाएको छ । असोजमा आएको बाढीले गोरखा र धादिङमा थप मोटरेबल पुल बगाएको छ । कतै पनि नयाँ पुल बनाउने योजना सरकारले स्वीकृत गरेको छैन । बाढीले रसुवामा ९३ वटा, नुवाकोटमा १४ वटा र धादिङमा पाँचवटा पुल भदौ १० गते नै बगाएको थियो ।

माल्टा बागमती जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति : २०८३/०८/०२)

बागमती बाटर इनर्जी लि. द्वारा बागमती प्रदेश अन्तर्गत ललितपुर जिल्लाको बागमती गाउँपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावको नाम र ठेगाना	प्रस्तावकको नाम: बागमती बाटर इनर्जी लिमिटेड ठेगाना, सानेपा-२, ललितपुर । फोन नं.: ९८४१०४१८६, ९८४१८४११३४ ईमेल: bagmatiwaterenergy@gmail.com
प्रस्तावको व्होरा	बागमती बाटर इनर्जी लि. प्रस्तावक रहेको माल्टा बागमती जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजना, बागमती प्रदेश अन्तर्गत ललितपुर जिल्लाको बागमती गाउँपालिका वडा नं. २ र ३ मा पर्दछ । यो प्रस्तावित विद्युत प्रसारण लाइन आयोजना बागमती गाउँपालिकामा प्रस्तावित माल्टा बागमती जलविद्यत आयोजनाको स्वीचयार्ड देखि नेपाल विद्युत प्राधिकरणको ३३/११ के.भी. माल्टा सबस्टेशन, ललितपुरमा जडान लगी जोडिनेछ । उक्त प्रसारण लाइनको कुल लम्बाइ ५ किलोमिटर र ८७ वटा पोलहरु रहनेछ । उक्त आयोजना कार्यान्वयन गर्नपूर्व वातावरणीय संरक्षण नियमावली, २०७७ अन्तर्गत अनुसूची १२ (नियम-७ को उपनियम (२) बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको लागि यो सूचना प्रकाशित गरिएको छ ।
प्रभाव पर्ने सक्ने जिल्ला/न.पा.	बागमती गाउँपालिका वडा नं. २ र ३

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीविक के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको न.पा./वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

प्रस्तावकको नाम र ठेगाना	प्रस्तावकको नाम: बागमती बाटर इनर्जी लिमिटेड ठेगाना : सानेपा-२, ललितपुर । फोन नं.: ९८४१०४१८६, ९८४१८४११३४ ईमेल : bagmatiwaterenergy@gmail.com

धितोमा रहेको सम्पति लिलाम बिक्री गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, वीरगंज शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०८/०२ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरलाकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छयौट गर्ने तर्फ कुनै तदाव्कता नदेखाएकोले **मिति २०८३ साल वैशाख महिना ५७ गतेको 'आर्थिक' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८३ साल साउन महिना २८ गतेको 'आर्थिक' राष्ट्रिय दैनिकमा** धिती लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्धेजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा सावितमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पतीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनी कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन मन्दा अगाबै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा रोफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

ऋणीको नाम र ठेगाना :
नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बारामा प्रा.फर.नं. १००९/०८५/०६६ (स्थानिय व्यापार) कायम भई मिति २०६५/०९/२३ मा दर्ता भएको बारा जिल्ला, माहागढीमाई गा.वि.स./न.पा. वडा नं. १ स्थित **सोह्रु आय्ल ट्रेडर्स ।**
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
रामाधार सिँहको छोरी, चन्द्र भुषण सिँहको श्रीमती, बारा जिल्ला, पिप्राढी गा.वि.स./न.पा. वडा नं. २ बस्ने **सरिता सिंह ।**
सरजुग प्रसाद सिँहको नाती, युगल किशोर सिँहको छोरा, बारा जिल्ला, पिप्राढी गा.वि.स./न.पा. वडा नं. २ बस्ने **चन्द्र भुषण सिंह ।**
युगल किशोर सिँहको नाती, चन्द्रभुषन सिँहको छोरा, बारा जिल्ला, देवताल गा.पा. वडा नं. ४ बस्ने **अतुल सिंह ।**
युगल किशोर सिँहको नातीनी, चन्द्रभुषण सिँहको छोरी, बारा जिल्ला, देवताल गा.पा. वडा नं. ४ बस्ने **सिवानी सिंह ।**
धितो सुरक्षणको विवरण :
चन्द्र भुषण सिंहको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला, बरियारपुर गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९) को कित्ता नं. ७३४ को ०-४-०-० (कि-क-थु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोल्नकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पतीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा वीरगंज शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ५५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्होर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने दुवै नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन । (सोमा कुनै ब्याज रकम प्रदान गरिने छैन ।)
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८३ साल मंसिर महिना १६ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्रमा खोल्ने मिति, समय र स्थान :

मिति : २०८३ साल मंसिर महिना १८ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको २:३० बजे ।

सानिमा बैंक www.sanimabank.com

अलकापुरी, नक्साल, काठमाण्डौ, नेपाल फोन: ९७७-१-५९७०३३, फ्याक्स: ९७७-१-४५२८९६९, ईमेल: sanima@sanimabank.com

त्रिशूली...

विषय हिमालयन बैंक लिमिटेडको सञ्चालक तथा अध्यक्ष पदमा गरिएको नियुक्ति र मनोनयनसँग सम्बन्धित रहेको छ ।

उजुरीकर्ताका अनुसार नेपाल सरकारका तत्कालीन सञ्चार सचिव डा. वैकुण्ठ अर्यालको अध्यक्षतामा गठित समितिबाट भएका निर्णय तथा कारबाहीका सम्बन्धमा अनुसन्धान हुँदा भ्रष्टाचारजन्य कसुरसमेत देखिएको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको थियो । विशेष अदालतले उक्त मुद्दामा डा. अर्यालल्लाई सफाइ दिने निर्णय गरेपछि अख्तियारले उक्त फैसलाउपर चित्त नबुझाई सर्वोच्च अदालतमा पुनरावेदन दायर गरेको उजुरीमा उल्लेख छ ।

विशेष अदालतबाट सफाइ पाइसकेको भए पनि उक्त मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको र अन्तिम फैसला हुन बाँकी रहेको अवस्थामा डा. अर्याललाई कानुनबमोजिम नियुक्ति तथा मनोनयनका लागि अयोग्य हुने अवस्था रहेको उजुरीकर्ताको जिकिर छ ।

उजुरीमा डा. अर्याल नेपाल सरकारको प्रत्यक्ष लगानी रहेको कर्मचारी सञ्चय कोषको समेत लगानी रहेको हिमालयन बैंक लिमिटेडको सञ्चालक तथा अध्यक्ष पदमा नियुक्त तथा मनोनयन भएको विषयलाई प्रश्न उठाइएको छ । सर्वोच्च अदालतबाट अन्तिम निर्णय नआइसकेको अवस्थामा उनको नियुक्ति तथा मनोनयन कानुनसम्मत नभएको दाबी गर्दै उजुरीकर्ताले यस विषयमा तत्काल छानबिन गर्न माग गरेका छन् ।

नेपाल राष्ट्र बैंकले सर्वोच्च अदालतको निर्देशनात्मक आदेशअनुसार अयोग्यता सिर्जना हुने कानुनी व्यवस्थाको कार्यान्वयन गराउनुपर्ने भए पनि त्यसो नगरेको उजुरीकर्ताको आरोप छ । राष्ट्र बैंकले कारबाही नगरेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफैंले आवश्यक अनुसन्धान तथा कारबाही अघि बढाउनुपर्ने मागसमेत उजुरीमा गरिएको छ ।

उजुरीकर्ताले सर्वोच्च अदालतको निर्देशनात्मक आदेश तथा सम्बन्धित कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गराउन नेपाल राष्ट्र बैंकलाई तत्काल निर्देशन दिन अख्तियारसँग माग गरेका छन् । विशेषगरी बैंक तथा वित्तीय संस्थाका सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतलगायत पदाधिकारीहरूको हकमा कानुनबमोजिम अयोग्यता सिर्जना भएको अवस्थामा पुनः नियुक्ति वा मनोनयन हुन नदिन आवश्यक कदम चाल्नुपर्ने उजुरीमा उल्लेख छ ।

त्यसैगरी, सर्वोच्च अदालतको निर्णयबमोजिम अयोग्य ठहरिने सञ्चालक सदस्यहरूको हकमा चालु आर्थिक वर्षभित्रै बैंकको सञ्चालक समितिको निर्वाचन गराउन आवश्यक परिपत्र जारी गर्न नेपाल राष्ट्र बैंकलाई निर्देशन दिनसमेत माग गरिएको छ । उजुरीकर्ताले बैंक तथा वित्तीय संस्थाको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले अदालतको आदेश कार्यान्वयन गराउने जिम्मेवारी पूरा नगरेको अवस्थामा त्यसको जवाफदेहिता सुनिश्चित गर्नुपर्ने बताएका छन् । उजुरीमा उठाइएका विषय सार्वजनिक सरोकार, सुशासन तथा वित्तीय क्षेत्रको नियामकीय विश्वसनीयतासँग प्रत्यक्ष जोडिएको उल्लेख गर्दै आवश्यक छानबिन र कानुनबमोजिम कारबाही गर्न अख्तियारसमक्ष आग्रह गरिएको छ ।

मानव...

गण्डकी प्रदेश सरकारमा हुने सम्पूर्ण ठेक्कापट्टाको कमिशन तथा घुस समेत उनले आफ्नै श्रीमतीको क्यानडास्थित खातामा बुझ्ने गरेको समेत खुलेको छ ।

नेपालमा भ्रष्टाचार मुद्दामा अनुसन्धान हुने र भविष्यमा आफू पनि कानुनी कारबाहीबाट बच्नका लागि न्यौपानेले श्रीमतीलाई एसाइलम गराएका हुन् । त्यसो त नेपालमा भने न्यौपानेले अर्की श्रीमती समेत अलग्गै राखेका छन् । नेपालमा दुई श्रीमती विवाह गर्नु गैरकानुनी भए पनि शक्तिको आड्मा न्यौपानेले उन्सुक्ति पाएका छन् । माइलो भनिने वेद प्रसाद काप्रीले तत्कालीन गोरखा प्रहरी प्रमुख बसन्त कुँवरलाई सेटिङ मिलाएर बहुविवाहको मुद्दा डिसमिस बनाएका थिए । त्यतिमात्रै होइन, न्यौपानेको पहिलो श्रीमतीको रहस्यमयी मृत्युको घटना समेत छानबिनविना नै गुप्तचुप मिलाइएको थियो ।

हाल क्यानडामा रहेकी श्रीमतीले भने आफ्नो बसाइ टोरोन्टो, वनटारियो क्यानडा रहेको सार्वजनिक रूपमा नै उल्लेख गरेकी छिन् । यता श्रीमान् भने नेपालमा राष्ट्रिय रुपञ्डा हल्लाएर मन्त्रीले चढ्ने सरकारी गाडीमा हिँड्ने गरेका छन् । नेपाली कांग्रेसका सभापति गगन थापा निकट रहेका न्यौपाने गोरखा जिल्लाका सभापति समेत हुन् ।

क्यानडास्थित नेपाली दूतावासका एक कर्मचारीका अनुसार क्यानडामा नेपाली नेता, कर्मचारी, पत्रकारलगायतले आफ्ना श्रीमती नातेदारलाई शरणार्थी भिषा दिलाएर राख्ने गरेका छन् । क्यानडामा शरणार्थी नेपालीहरुको टोल नै रहेको छ । अधिकांशले फर्जी कागजात देखाएर क्यानडा गएका छन् । पछिल्लो समय नेपालमा भएको जेनजी आन्दोलन, विप्लव समूहको आतंक, पूर्वमाओवादी जनयुद्धलगायतको विषय लगायतको घटनालाई देखाएर नेपालीहरु क्यानडा शरणार्थी बन्ने क्रम बढ्दो छ । ठमेलका होटल व्यावसायी गोकुल सापकोटा पनि केही वर्षअघि शरणार्थी भिषामा क्यानडा गएर त्यहाँ केही उपाए नदेखेपछि अहिले नेपालमा आएर रास्वपाको नेता भएका छन् । नेपाल सरकारकै पूर्व एक सहसचिवले क्यानडामा निकै महंगो घर किनेका छन् ।

मैले क्यानडा लगेर छोडेको होइन : न्यौपाने

आर्थिक दैनिकले यस विषयमा प्रतिक्रियाका लागि न्यौपानेलाई सम्पर्क गरेको थियो । उनले सुरुमा प्रश्न सुन्नेबित्तिकै आफ्नो श्रीमती नै नभएको भन्दै टार्ने कोसिस गरे । तर, शोभा न्यौपाने तपाईंको श्रीमती होइन ? भनी प्रश्न गरेपछि आफूले क्यानडा गरेर नछोडेको र यही महिनामित्र नेपाल आउने भनी जवाफ दिए ।

उठेन....

इन्डेक्ससमेत दुई दशमलव ३२ अंकले घटेर चार सय ७७ दशमलव २१ विन्दुमा सीमित भएको छ । यसदिन धितोपत्र बजारमा तीन सय ५३ वटा कम्पनीको ४८ हजार सात सय ८८ पटक कारोबार भएको थियो । यस क्रममा एक करोड १२ लाख ९३ हजार चार सय ५० कित्ता सेयर खरिदबिक्री हुँदा कुल कारोबार रकम चार अर्ब ७३ करोड ११ लाख ७८ हजार १७ रूपैयाँ पुगेको छ । कारोबारमा आएका १३ उपसमूहमध्ये यसदिन सामूहिक लगानी कोषको परिसूचकमा मात्र शून्य दशमलव शून्य दुई अंकको फिन्को सुधार देखियो । बाँकी १२ उपसमूहका परिसूचक रातामा बने । विशेषगरी विकास बैंक, जीवन बीमा, निर्जीवन बीमा तथा होटल तथा पर्यटन समूहमा देखिएको गिरावटले बजारलाई थप दबाबमा पारेको छ ।

यसदिन वाणिज्य बैंक उपसमूहको परिसूचक सात दशमलव ४६ अंकले घटेर एक हजार पाँच सय ७० दशमलव शून्य पाँच विन्दुमा झरेको छ । विकास बैंक उपसमूह सबैभन्दा बढी दबाबमा देखिँदै ४६ दशमलव ६६ अंकले घटेर पाँच हजार चार सय ५९ दशमलव ४५ विन्दुमा सीमित भएको छ । त्यस्तै, फाइनान्स उपसमूह १२ दशमलव ११ अंकले घटेर दुई हजार एक सय ६२ दशमलव ८५ विन्दुमा झरेको छ भने जलविद्युत उपसमूहको परिसूचक ११ दशमलव ६२ अंकले घटेर तीन हजार शून्य सय २६ दशमलव २८ विन्दुमा पुगेको छ । जीवन बीमा उपसमूहमा सबैभन्दा ठूलो अंकको गिरावट देखिएको छ । उक्त उपसमूहको परिसूचक ९९ दशमलव ४७ अंकले घटेर ११ हजार सात सय १८ दशमलव शून्य आठ विन्दुमा झरेको छ । त्यस्तै, निर्जीवन बीमा उपसमूह ६५ दशमलव ८२ अंकले घटेर नौ हजार चार सय १० दशमलव ८४ विन्दुमा सीमित भएको छ ।

यसैगरी होटल तथा पर्यटन उपसमूहको परिसूचक ८५ दशमलव ७३ अंकले घटेको छ । लगानी उपसमूह शून्य दशमलव २५ अंक, उत्पादन तथा प्रशोधन उपसमूह १२ दशमलव १५ अंक, लघुवित्त उपसमूह २७ दशमलव ११ अंक, अन्य उपसमूह १० दशमलव ९१ अंक र व्यापार उपसमूह शून्य दशमलव ९३ अंकले घटेका छन् ।

यसदिन समग्र बजार ओरालो लागे पनि केही कम्पनीका सेयरमा भने लगानीकर्ताको आकर्षण देखियको छ । मंगलबार सबैभन्दा बढी मूल्य बढ्ने कम्पनीको सूचीमा अपर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड पहिलो स्थानमा रहेको छ । त्यसैगरी, सबैभन्दा बढी मूल्य गुमाउने कम्पनीको सूचीमा एभरेष्ट कलर लिमिटेड पहिलो स्थानमा परेको छ । कारोबार कम्पनी आधारमा भने नबिल बैंक ऋणपत्र ९०९९ पहिलो स्थानमा रहेको छ ।

१९ विधामा....

र तुरुन्तै कर फिर्ताको संयन्त्रको प्रभावकारी कार्यान्वयनमा जोड दिए। राजस्व चुहावट नियन्त्रण र कारोबारमा पारदर्शिता कायम गर्न ई-बिलिङ प्रणाली तथा मालवस्तु र ढुवानी साधनको अनुगमन प्रणाली (भीसीटीएस) को उपयोगलाई थप सुदृढ बनाउँदै लगिएको उनले स्पष्ट पारे ।

बर्दलिंदो आधुनिक अर्थतन्त्र र डिजिटल कारोबारको आवश्यकतालाई सम्बोधन गर्न विद्यमान आर्थिक ऐन तथा कर कानुनलाई समयसापेक्ष पुनर्लेखन गर्नुपर्ने आवश्यकता औंल्याउँदै निमित्त सचिव दाहालले कर प्रणालीलाई वर्तमान आर्थिक गतिविधिअनुकूल बनाउनुपर्ने धारणा राखे ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसीसीआई) का अध्यक्ष अज्जनकुमार श्रेष्ठले स्वदेशी उद्योग तथा व्यवसायको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न व्यवसाय सञ्चालन लागत घटाउने किसिमका कर नीति अवलम्बन गर्नुपर्ने बताए। आर्थिक ऐन, २०८३ ले प्रदान गरेका कर छुट तथा सहुलियत योजनाको अधिकतम उपयोग गर्न तिनको म्याद थप गर्नुपर्ने मागसमेत उनले राखे।

नेपाल उद्योग परिसङ्घ (सीएनआई) का अध्यक्ष वीरेन्द्रराज पाण्डेले औद्योगिक उत्पादन अभिवृद्धिका लागि स्थायी प्रकृतिका उद्योगमैत्री कर नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने बताए। कर अनुपालन बढाउन र राजस्व चुहावट नियन्त्रण गर्न करको दायरा विस्तार तथा स्वैच्छिक कर प्रशासनलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो। कर विवाद समाधानका लागि स्थायी संयन्त्र निर्माण गर्नुपर्ने र कर तिर्नुलाई राष्ट्र निर्माणमा योगदानका रूपमा आत्मसात् गर्दै निजी क्षेत्रसँगको संवाद बढाउनुपर्ने उनले सुझाव दिए।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रावालले लगानी तथा व्यवसाय प्रवर्द्धनका लागि निजी क्षेत्रका व्यावहारिक अपेक्षालाई समयमै सम्बोधन गर्न सरकारसँग आग्रह गरे। उनले टर्नओभर ट्याक्स, हार्मोनाइज्ड कोड, पारदर्शी ट्रान्सफर प्राइसिङ तथा आयकर ऐनको दफा ५७ सँग सम्बन्धित व्यावहारिक जटिलता समाधान गर्न सरकारको ध्यानाकर्षण गराए।

नेपाल व्यापार महासङ्घका अध्यक्ष खेमनारायण पराजुलीले कर तिर्नुलाई केवल कानुनी दायित्वका रूपमा नभई राष्ट्र निर्माणको साझा जिम्मेवारीका रूपमा लिनुपर्ने बताए। कर प्रणालीलाई प्रविधिमैत्री, सरल, सहज र करदातामैत्री बनाउँदै लैजानुपर्नेमा जोड दिँदै उनले अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक दायरामा ल्याएर करको आधार विस्तार गर्नुपर्ने धारणा राखे। कर नीतिलाई स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धनसँग प्रत्यक्ष रूपमा जोड्नुपर्ने आवश्यकता पनि उनले औंल्याए ।

सूर्य नेपाल प्रालिका प्रतिनिधि रवि केसीले नियमित र इमानदार रूपमा कर तिर्ने करदातालाई राज्यले प्रोत्साहन तथा सम्मान गर्ने संस्कृतिको विकास गर्नुपर्ने बताए। बजारमा स्वच्छ प्रतिस्पर्धा कायम गर्न र राजस्व चुहावट रोक्न अनिवार्य बिलिङ प्रणालीको प्रभावकारी कार्यान्वयन तथा अनुगमन आवश्यक रहेको उनको भनाइ थियो ।

कार्यक्रमको विभागका महानिर्देशक डा. भीष्मकुमार भुसालले करका नयाँ क्षेत्र पहिचान गरी करको दायरा विस्तार गर्ने तथा करदाता पुरस्कार र सम्मानको पहुँच थप फराकिलो बनाउने प्रतिबद्धता व्यक्त गरे । विभागका उपमहानिर्देशक जनकराज शर्माले विभागको सेवा प्रवाहमा सुधार र प्रविधिको प्रयोगका कारण स्वैच्छिक कर प्रणालीमा उल्लेखनीय प्रगति भएको बताए ।

घर/जग्गा खरिदको लागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८३/०८/०२)

यस कम्पनीको व्यवसायिक तथा कार्यालय प्रयोजनको लागि तपसिलमा उल्लेखित क्षेत्रहरुमा घर/जग्गा खरिद गर्नुपर्ने भएकोले निम्न उल्लेखित शर्तहरुको अधिनमा रही आवश्यक कागजातहरु संलग्न गरी सूचना प्रकाशित मितिले २५ दिन भित्र शिलबन्दी प्रस्ताव पेश गर्नुहुन उल्लेखित क्षेत्रका घर/जग्गा बिक्री गर्न इच्छुक घर/जग्गा धनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१.घर/जग्गा खरिदको लागि प्रस्तावित स्थान तथा क्षेत्रफल :
क) रिङरोड भित्र न्यूनतम (२) दुई रोपनी, जग्गा मात्रै भए ।
ख) रिङरोड भित्र न्यूनतम (१.५) डेढ रोपनी, भवन सहित भए ।

२. शर्तहरू:

१. बिक्रि गरिने घर/जग्गाको विस्तृत विवरण (जिल्ला, म.न.पा., वडा नं., स्थान, कित्ता नं., जग्गाको क्षेत्रफल, घर निर्माण भएको भएमा निर्मित घरको क्षेत्रफल, घर निर्माण शुरु भएको र सम्पन्न भएको मिति इत्यादि) उल्लेख गरी सो जग्गासँग सम्बन्धित कागजातहरू (लालपुर्जा, जग्गाधनीको नागरिकता, चालु आ.व. को मालपोत तथा सम्पत्ति कर तिरेको रसिद, ल्यण्डिप्ट/फिल्ड नक्शा, घर निर्माण स्वीकृती पत्र, घरको स्वीकृत नक्शा इत्यादी) को प्रतिलिपि संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछ र सम्पूर्ण प्रतिलिपि कागजपत्रहरु नोटरी पब्लीकबाट प्रमाणित गराएको हुनु पर्ने छ । घर/जग्गाको अवस्था हेरी आवश्यकता अनुसार कम्पनीले थप कागजातहरू माग गर्न सक्नेछ ।
२. बिक्रि गरिने घर/जग्गाको स्वामित्व संस्थाको नाममा रहेको भएमा घर/जग्गा बिक्री गर्ने तथा मूल्य प्रस्ताव गर्ने सम्बन्धमा संचालक समितिको निर्णय, अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।
३. जग्गाको पुर्ति आना मूल्य, घर निर्माण भएको भारमा घरको मूल्य र घर/जग्गाको कुल बिक्री मूल्य समेत अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेख गरेको रकम फरक पर्न एएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ । बहालमा लागेको भवन भएको अवस्थामा आर्जन भइरहेको मासिक बहाल रकम समेत उल्लेख गर्नु पर्नेछ ।
४. जग्गाको चार किल्ला छुट्टैने गरि बाउण्डरी निर्धारण गरिएको, सांध सिमाना स्पष्ट भएको र सधियारहरूसँग कुनै विवाद नभएको हुनु पर्नेछ ।
५. जग्गाको नक्शा तथा फिल्डमा कम्तीमा ६ मिटरको पक्की सडकको पहुंच भएको हुनुपर्नेछ । साथै घर/जग्गामा मोहीको हक हित्सा नभएको, कानुनी विवाद नभएको, गुठी स्वामित्व नभएको, रैकर तथा नीजि हकभोगमा रहेको, खोलानाला खहरे, हाईटेन्सन लाइन, सडक विभाग तथा नगरपालिकाको मापदण्ड अनुरूप सडक विस्तार, एयरपोर्ट, मठ, मन्दिर, मस्जिद, गुम्बा तथा अन्य सार्वजनिक निकायले भविष्यमा अधिग्रहण गर्न सक्ने सम्भावना नभएका घर/जग्गा हुनु पर्नेछ ।
६. जग्गामा घर निर्माण भएको हकमा घरको निर्मित क्षेत्रफल बेसमेण्ट सहित उक्त घरमा अण्डर ग्राउण्ड पार्किङ वा पार्किङ सुविधा सहित व्यवसायिक प्रयोजनको लागि उपयुक्त पूर्वाधार जडान भएको घर/जग्गालाई खरिद प्रक्रियामा प्राथमिकता दिईनेछ ।
७. प्रस्ताव पेश गर्दा आवश्यक कागजातहरू संलग्न गरी खामको बाहिरी भागमा ***"प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि.को लागि घर/जग्गा किन्की सम्बन्धी शिलबन्दी प्रस्ताव"*** लेखी शिलबन्दी गरी तोकिएको म्याद भित्र कम्पनीको केन्द्रिय कार्यालय कमलादी, काठमाडौंमा कार्यालय समयमा पेश गर्नु पर्नेछ ।
८. मिति २०८३/०८/२२ गते अपरान्ह ४:०० बजे भित्र दर्ता भएको बोलपत्र प्रस्तावहरु मिति २०८३/०८/२४ गते अपरान्ह ३:०० बजे शिलबन्दी प्रस्ताव दर्ता भएका कार्यालयमा नै खोलिने छ । प्रस्ताव पेश गर्ने सम्बन्धित संस्था वा व्यक्तिको प्रतिनिधि उपस्थित नभएता पनि प्रस्ताव खोल्न बाधा पुर्ने छैन ।
९. कुनै पनि शिलबन्दी बोलपत्र